बालबालिकालाई स्वतन्त्र समाजमा एउटा सकृय वयस्क जीवनका लागि तयार गर्नेछ र बालबालिकाका बाबुआमा, उनका संस्कृति, परिचय, भाषा र मूल्य र मान्यता र अरूको सांस्कृतिक पृष्ठभूमि र अरूका मूल्य-मान्यताप्रति श्रद्धा बढाउनका लागि तयार गर्नेछ ।

- फूर्सद, मनोरञ्जन सांस्कृतिक कियाकलापहरू (धारा ३१) बालबालिकाहरूलाई फुर्सद लिन, खेल्न र सांस्कृतिक र कलात्मक कियाकलापहरूमा भाग लिने अधिकार छ ।
- अपाङ्गता भएको बालबालिका (धारा २३) अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह, शिक्षा र तालिम पाउने अधिकार छ । सम्माजनक रूपमा मर्यादित जीवन यापन गर्न र सम्भव भएसम्मको उच्च कोटीको आत्मनिर्भरताको विकास गर्न र समाजको मुलधारमा समाहित हुने अधिकार छ ।
- कुनै पनि बालबालिकालाई गैर कानूनी वा अनुचित तवरले तीनको स्वतन्त्रताबाट बन्चित गरिने छैन (धारा ३७)
- फौजदारी अभियोग लागेका बालबालिकालाई कारवाहिको जानकारी दिनुपर्ने, आफ्नो प्रतिरक्षा गर्ने बालबालिकालाई अधिकार हुने । कतिपय कानूनी व्यवस्थामा बालबालिकाको व्यक्तित्वको पहिचान नगरिएको अवस्थामा बालबालिकाले कानूनी प्रक्रियामा प्रतिरक्षा गर्न पाउनु पनि सहभागिताको अधिकार हो (धारा ४०) ।

## निचोडमा बालबालिकाका सहभागीहुने अधिकार अन्तर्गत..

**बाल सहभागिता अन्तर्गत बालबालिकालाई अधिकार र स्वतन्त्रता छ....**

- उनीहरूलाई प्रभाव पार्ने निर्णयहरूमा सहभागी हुन,
- उनीहरूका आफ्ना बिचारहरू अभिव्यक्त गर्न,
- धेरै श्रोतहरूबाट सूचना प्राप्त गर्न,
- अरूहरूसंग मिलेर सामुहिक काममा सहभागी हुनु र उनीहरूका आफ्नै संगठनक बनाउन,
- उनीहरूले आफ्नो धर्म मान्न ।


**बाल सहभागितामा कार्यरत संस्थाहरूको साझा समूह**
(कन्सोर्टीयम)
विजुली बजार, काठमाडौं
फोन नं.: ४४९०२९७
ई-मेल: consortium@mos.com.np
www.consortium.org.np





# बालसहभागिता
## सामान्य परिचय

# बालसहभागिता के हो ?

बालबालिकाको जीवनमा प्रत्यक्ष प्रभाव पार्ने जुनसुकै कुराको निर्णय प्रक्रियामा उनीहरूले आफ्नो विचार, भावना, अभिव्यक्ति स्पष्टसँग राख्न पाउनु र उनीहरूको विचारको सुनुवाई हुनुलाई बालसहभागिता भनिन्छ ।

## बालसहभागिता किन ?

बालसहभागिताले बालबालिकाको आत्मविश्वास बढाउँछ । बालसहभागिताद्वारा घर, समाजमा विभिन्न कार्यक्रम गरी जनचेतना फैलाउन सकिन्छ । बालसहभागिताद्वारा बालबालिकालाई समाजमा भएका घटना, गतिविधीमा जागरुक गराई समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिन्छ । जसले गर्दा भोलीका दिनहरुमा सचेत, आत्मविश्वासी र निडर नागरिक बन्न सहयोग पुग्दछ । सबैभन्दा महत्वपुर्ण कुरा निर्णय प्रकृयाहरूमा सहभागी हुन पाउनु बालबालिकाको अधिकार हो ।

## बालसहभागिता कहाँ ?

१. घरपरिवारमा
२. विद्यालयमा
३. बालक्लबमा
४. समुदाय, संस्था र नागरिक समाजस्तरमा
५. गा.वि.स. वा गाविसस्तरीय निकायहरुमा
६. जिल्लास्तरीय सरकारी निकाय र अन्य संस्थाहरुमा
७. नेपाल सरकारका केन्द्रिय निकाय र राष्ट्रियस्तरीय संघसंस्थाहरुमा
८. अन्तर्राष्ट्रियस्तरमा

## बालसहभागिताको सिद्धान्त

- यो बाल अधिकार महासन्धिको आधारभुत सिद्धान्त हो ।
- यसले महासन्धिको अन्य धाराहरूको व्यख्या गर्नलाई मार्गदर्शन गर्छ र यो सिध्दान्त महासन्धिको कार्यान्वयनको सबैपक्षका लागि सान्दर्भिक छ ।
- सहभागिता बालबालिकाको बांच्ने, विकास र संरक्षण हुने अधिकारभन्दा पनि अझै विस्तृत छ ।
- बालबालिकालाई आफ्नो अधिकारको संबर्द्धनकर्ता बन्न सबल बनाउँछ ।
- सहभागितालाई बाल अधिकारको ब्यबहारिक रूपान्तरण गर्न सबलीकरण गर्ने अधिकारको रूपमा पनि लिन सकिन्छ ।

## बालबालिकाहरूका सहभागिताको अधिकार बारेमा बाल अधिकार महासन्धि ले के भन्दछ ?

बाल अधिकार महसन्धि बालबालिकाहरूलाई सहभागिताको अधिकार प्रदान गर्ने प्रथम मानव अधिकार दस्तावेज हो ।

- वालबालिकाको राय (धारा १२) वालबालिकाले आफ्नो राय निर्धक्कसंग राख्ने अधिकार छ । वालबालिकाको जीवनमा प्रभावपार्ने कुनै पनि बिषयमा उसको बिचारको मान्यता पाउने अधिकार छ ।
- अभिव्यक्तिको स्वतन्त्रता (धारा १३) वालबालिकाको आफ्नो राय अभिव्यक्त गर्न, जानकारी, सूचना प्राप्त गर्ने तथा आफ्नो बिचार र सूचना प्रवाह गने अधिकार छ जुन अधिकार कुनै पनि सिमा, बन्देजले रोक्दैन ।
- सोचाइ, विवेक र धर्म को स्वतन्त्रता (धारा १४) बाबुआमाको उपयुक्त मार्गदर्शन हुने गरी, बालबालिकाको सोचाइ, विवेक र धर्मको स्वतन्त्रताको अधिकारलाई राष्ट्रले सम्मान गर्नेछ ।
- संघ संस्थासम्बन्धी स्वतन्त्रता (धारा १५) वालवालिकाहरुको अरूसंग भेट्ने र संघ संस्थामा सामेल हुने र खोल्ने अधिकार छ ।
- उपयुक्त सूचानप्रतिको पहुँच (धारा १७) राष्ट्रले बालबालिकाको विविध श्रोतबाट प्राप्त हुने सूचना र सामग्रीप्रतिको पहुँच सुनिश्चित गर्नेछ, बालबालिकाको लागि सामाजिक वा सांस्कृतिक रूपमा फाइदाजनक सूचना प्रसार गर्न संचार माध्यमलाई प्रोत्साहान गर्नेछ र हानिकारक सामग्रीबाट बालबालिकालाई संरक्षण गर्न कदम चाल्नेछ ।
- शिक्षाको उद्देश्य (धारा २९) शिक्षाले वालबालिकाको व्यक्तित्व प्रतिभा र मानसिक र शारीरिक सक्षमतालाई पूर्णमात्रामा विकास गर्ने लक्ष्य लिनेछ । शिक्षाले